


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन ४ गते सोमबार ❑ 19 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रधानमन्त्री देउवाले पाए विश्वासको मत

**रासस**
**काठमाडौं, ३ साउन**

प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुभएको छ। प्रधानमन्त्री नियुक्त भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधानअनुसार प्रतिनिधिसभाको आइतबारको दोस्रो बैठकमा उनले विश्वासको मत लिएका हुन्।



आइतबार भएको मतदानमा प्रधानमन्त्रीका पक्षमा १६५ मत र विपक्षमा ८३ मत परेको छ। मतदानमा २४९ सांसदले भाग लिएका थिए। सभामुख अग्निप्रसाद सापकोटाले एकजना सांसदले मतदान नगरेको जानकारी दिए। सभामुखले नेपालको संविधानको धारा ७६ को उपधारा ६ बमोजिम प्रधानमन्त्री देउवाले विश्वासको मत प्राप्त गरेको घोषणा गरे। प्रतिनिधिसभामा नेकपा (एमाले) का १२१, नेपाली कांग्रेस ६१, नेकपा (माओवादी केन्द्र) ४९ र जनता समाजवादी पार्टी नेपालका ३४, नेपाल मजदूर किसान पार्टी, राष्ट्रिय जनमोर्चा र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक तथा स्वतन्त्र एक सांसद छन्।

गत असार २८ गते अदालतको फैसलाबाट प्रतिनिधिसभा पुनर्स्थापित भएपछि असार २९ गते प्रधानमन्त्रीमा देउवा नियुक्त भएका थिए। संविधानको धारा ७६ (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था छ। प्रतिनिधिसभाको अर्को बैठक यही साउन ८ गते दिनको १ बजे बस्नेछ।

## आन्तरिक राजश्व कार्यालय पोखराले अघिल्लो वर्ष भन्दा ६४ करोड बढी राजश्व संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ साउन**

आन्तरिक राजश्व कार्यालय पोखराले आर्थिक वर्ष २०७७/०७८ मा अघिल्लो वर्षको तुलनामा ६४ करोड ७४ लाख ७२ हजार बढी राजश्व संकल गर्न सफल भएको छ।

अघिल्लो वर्ष करिब ७२ प्रतिशत मात्र राजश्व संकलन गर्न सफल भएको कार्यालयले यस बर्ष भने ९७ प्रतिशत राजश्व संकलन गर्न सफल हुदा अघिल्लो बर्षको तुलनामा १६ प्रतिशत बढी राजश्व संकलन भएको आन्तरिक राजश्व कार्यालयका सूचना अधिकारी विजयप्रसाद लामिछानेले बताए।

आर्थिक वर्ष २०७७/०७८ मा ४ अर्ब ८२ करोड २७ लाख ८५ हजार संकलन गर्ने लक्ष्य रहेकोमा कार्यालयले ४ अर्ब ६७ करोड ८५ लाख ६३ हजार राजश्व संकलन गर्न सफल भएको उनले जनाए। कोरोनाले गर्दा उक्त राजश्व संकलन कार्यालयको लक्ष्य भन्दा करिब ३ प्रतिशतले कमी भएको लामिछानेको भनाई छ।



५ अर्ब ६१ करोड ६७ लाख ५२ हजार राजश्व संकलनको लक्ष्य रहेकोमा अघिल्लो बर्ष कार्यालयले पहिलो लहरको कोरोनाको कारण ४ अर्ब ३ करोड ११ लाख २३ हजार मात्र राजश्व संकलन गरेको कार्यालयले जनाएको छ। आ.व.२०७७/०७८ मा कार्यालयले आयकर तर्फ २ अर्ब ८५ करोड २ लाख ४३ हजार राजश्व संकलन गर्न सफल भएको छ। आयकर तर्फ १०२.५८ प्रतिशत लक्ष्य हासिल गरेको कार्यालयले आयकर तर्फ २ अर्ब ७७ करोड ८६ लाख २७ हजार रुपैया राजश्व संकलन गर्ने लक्ष्य रहेको थियो। व्यवसायिक घर वहाल कर तर्फ ११ करोड ७२ लाख ७५ हजार राजश्व संकलनको लक्ष्य पाएको आन्तरिक राजश्व कार्यालय पोखराले गत बर्ष ४७.३२ प्रतिशत अर्थात ५ करोड ५४ लाख ९६ हजार रुपैया राजश्व संकलन गरेको छ।

व्याज तर्फ कार्यालयले ११४ प्रतिशत राजश्व संकलन गर्न सफल भएको छ। २४ करोड ५१ लाख ४८ हजारको राजश्व संकलनको लक्ष्य पाएकोमा कार्यालयले गत असार मसान्तरसम्ममा २८ करोड ५ लाख ८६ हजार राजश्व संकलन गर्न सफल भएको हो।

अन्त शुल्कः मदीरा, चुरोट सहितका अन्य बस्तुबाट कार्यालयको अघिल्लो बर्ष ८६.३९ प्रतिशत अर्थात १ अर्ब २९ करोड २० लाख ३२ हजार राजश्व संकलन गरेको लामिछानेले जनाए। गत बर्ष कार्यालयले १ अर्ब ४९ करोड ५५ लाख ८५ हजार राजश्व संकलन गर्ने लक्ष्य रहेको थियो। स्वास्थ्य सेवामा ३८.६६ प्रतिशत र शिक्षामा २.५२ प्रतिशत मात्र राजश्व संकलन गर्न सफल भएको कार्यालये जनाएको छ। सूचना अधिकारी लामिछानेका अनुसार कार्यालयमा १ लाख ६५ हजार ४ सय ८७ जना करदाता रहेका छन्।

आ.व.२०७७/०७८ मा ३० हजार ९ सय ३४ जना नयाँ करदाता थपिएको उनले जनाए। हालसम्म पोखराबाट १ लाख ९ हजार ३ सय ५१ जनाले व्यक्तिगत स्थायी लेखा नम्बर लिएकाछन्। व्यवसायीक स्थायी लेखा नम्बर लिनेहरुको सङख्या भने ५६ हजार ८४ जना रहेको सूचना अधिकारी लामिछानेले बताए। भ्याटमा ११ हजार ३ सय ३४ वटा संस्था रहेका छन्।

## समृद्धिको आकांक्षा पूरा गर्नु हामी सबैको साझा उद्देश्य हो : प्रधानमन्त्री

**रासस**
**काठमाडौं, ३ साउन**

प्रधानमन्त्री शेरबहादुर देउवाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नु सबैको साझा उद्देश्य भएको बताउनुभएको छ। नेपालको संविधानको संरक्षण र यसको असल कार्यान्वयन साझा गन्तव्य भएको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले सहकार्य र सहयात्राबाट नै अगाडि बढ्न सकिने स्पष्ट पार्नुभयो।

प्रतिनिधिसभाको आजको बैठकमा विश्वासको मत माग्दै उहाँले मुलकका सामु रहेका चुनौतीलाई सबैको साझा प्रयत्नबाट मात्रै सम्बोधन गर्न सकिने बताउनुभयो। राजनीतिक दलको प्रयत्नबाट नेपालको संविधान निर्माण भएको तथ्य पेश गर्दै प्रधानमन्त्री देउवाले यसको संरक्षण र सुदृढीकरण पनि हामी सबैको प्रयासबाट मात्र सम्भव भएको स्पष्ट पार्नुभयो। बहुदलीय व्यवस्थामा फरक-फरक राजनीतिक विचार हुने तीनका बीचमा प्रतिस्पर्धा हुने, स्वस्थ आलोचना प्रत्यालोचना हुने विषय स्वाभाविक र राम्रो भएको प्रधानमन्त्रीको भनाइ छ। देशका सामु केही साझा चुनौती, उद्देश्य र गन्तव्य रहेको स्पष्ट पार्दै उहाँले सहकार्य र सहयात्रालाई अगाडि बढाउन आफू तयार रहेको बताउनुभयो। प्रधानमन्त्रीले भन्नुभयो, "गरिबी, बेरोजगारी, अशिक्षाजस्ता तमाम साझा समस्या छन्। नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान हाम्रा साझा विषय हुन्।" प्रधानमन्त्रीले कोभिड-१९ हाम्रो तत्कालको चुनौती भएको उल्लेख गर्नुभयो।

प्रतिनिधिसभा विघटनपश्चात सम्मानीय सर्वोच्च अदालतको फैसलाले प्रतिनिधिसभा पुनःस्थापित भएपछि पहिलो बैठक प्रारम्भ भएकामा प्रधानमन्त्रीले सांसदलाई बधाइ दिनुभयो। प्रधानमन्त्रीले भविष्यमा पनि निरन्तर सहयोग र समर्थन रहने विश्वास व्यक्त गर्नुभयो। पटक-पटकको प्रतिनिधिसभा विघटनका कारण विगत केही समय देशमा राजनीतिक अन्योल र अनिश्चितताको स्थिति रहेको तथ्य पेश गर्नुभयो। प्रधानमन्त्री देउवाले आफूलाई सो पदमा नियुक्त हुन सहयोग र समर्थन गर्नुहुने राजनीतिक दलका नेताहरू, माननीय सदस्यलगायत सबैमा धन्यवाद दिनुभएको छ। विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को प्रकोपले देश निक्कै प्रभावित भएको र दैनिक रुपले सङ्क्रमण बढी रहेको तथा मानिसको मृत्यु भइरहेको उल्लेख गर्दै प्रधानमन्त्रीले कोरोनाका कारण मृत्यु भएकाको चीर शान्तिको कामना गर्नुभएको छ। अस्पतालमा उपचार गराइरहनुभएका सबैको शिघ्र स्वास्थलाभको कामना गर्दै उहाँले कोभिड-१९ को नियन्त्रण र रोकथामका लागि अहोरात्र खटेर काम गर्नुहुने सबैलाई धन्यवाद दिनुभएको छ। प्रधानमन्त्रीले नेपाली नागरिकलाई कोभिड-१९

**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## थप एक हजार ८०१ मा कोरोना संक्रमण पुष्टि, २३ को मृत्यु

**रासस**
**काठमाडौं, ३ साउन**

नेपालमा थप एक हजार ८०१ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या सात लाख १६ हजार ४९ पुगेको छ।

थप छ हजार ६२८ को पीसीआर परीक्षण तथा तीन हजारको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएको थियो। पीसीआर विधिबाट एक हजार २२३ तथा एन्टिजेनबाट ५७८ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। हालसम्म छ लाख ३२ हजार ७४ जना कोरोना भाइरसबाट मुक्त भई घर फर्किएका छन्। पछिल्लो २४ घण्टामा देशभर एक हजार ६६७ सङ्क्रमित निको भएर घर फर्किएका छन्। काठमाडौं उपत्यकामा पछिल्लो समय ३३४ सङ्क्रमित थपिएका छन्। काठमाडौंमा २३४, ललितपुरमा ६४ तथा भक्तपुरमा ३६ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ। पछिल्लो समय नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट थप २३ सङ्क्रमितको मृत्यु भएको छ।

योसँगै कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या नौ हजार ५५० पुगेको मन्त्रालयले जनाएको छ।




## पार्टीमा विवाद हुँदा सदन विघटन गरिनु लोकतान्त्रिक संस्कार होइन : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, ३ साउन**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रतिनिधिसभा जनताको अधिकार प्रयोग गर्ने सर्वोच्च थलो भएकाले पार्टीभित्र विवाद हुँदा यसलाई विघटन गरिनु लोकतान्त्रिक संस्कार हुन नसक्ने बताउनुभएको छ।



प्रतिनिधिसभाको आजको दोस्रो बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वासको मतका लागि गर्नुभएको प्रस्तावमा समर्थन जनाउँदै उहाँले मनोगत, अहङ्कार र व्यक्तिवादी गतिविधि आफूहरूलाई स्वीकार्य नहुने धारणा व्यक्त गर्नुभयो।

निरङ्कुशताविरुद्धको आन्दोलन दलहरू मिलेर गरेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले एक वर्षका बीचमा प्रतिनिधिसभाको विघटन र सर्वोच्च अदालतबाट पुनर्स्थापनाका घटना नेपालको इतिहासमा नभएको बताउनुभयो।

राजनीतिक स्थिरताका लागि वाम गठबन्धन हुँदै दुई तिहाइको सरकार बनाउने र पार्टी एकताको पहलकर्ताले पटकपटक संसद् विघटन भएको देख्नु दुखद भएको उहाँले बताउनुभयो। अध्यक्ष प्रचण्डले बारम्बार संविधान र लोकतन्त्रलाई मिच्ने कोसिस भएकाले नयाँ सत्ता गठबन्धन निर्माण गर्नुपरेको अवगत गराउनुभयो।

उहाँले निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली देउवाको शपथग्रहण समारोह र आजको सदनको बैठकमा सम्बोधन गर्न नआउनु भएकामा आफूलाई अस्वाभाविक लागेको टिप्पणी गर्नुभयो। विगतका अनुभवका आधारमा जतिखेर पनि सदन विघटन गर्न नपाइने व्यवस्थाका लागि संविधान निर्माणका बेला बहस गरिएको स्मरण गराउँदै प्रचण्डले संविधानको ७६ (५) प्रतिनिधिसभाको विशेषाधिकार भएको स्पष्ट गर्नुभयो। उहाँले भन्नुभयो, "यस धारामा कुनै पनि दलका सांसदले बहुमत सिद्ध गर्ने सांसदलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने भनिएको छ।

यो सांसदले विवेक प्रयोग गर्ने धारा हो, सर्वोच्च अदालतले त्यही व्याख्या गरेर संविधान र प्रतिनिधिसभा बचाएर गलत बाटोमा लानबाट रोकिएको छ।" उहाँले कम्युनिष्ट पार्टीलाई एकताबद्ध तुल्याउन र पाँचै वर्ष सरकार चलाउन आफूले प्रस्ताव गरे पनि त्यसलाई सहीरूपमा पालना नगरिएको गुनासो गर्दै माओवादीको ताप सकिएको ठानेर हेप्न वा अपमानित गर्न थालिएमा पुनः आगो सल्किने चेतावनी दिनुभयो।

# ठिनीमा ट्रक दुर्घटना, दुईको मृत्यु, चार घाइते

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ साउन**

मुस्ताङको घरपझोङ गाउँपालिका-५ ठिनी खोलामा मालबहाक ट्रक दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ भने चारजना घाइते भएका छन् । ठिनीबाट सामान लिएर ढुम्बातर्फ जाँदै गरेको ग१ख ६८५२ नम्बरको ट्रक ठिनी खोलामा अवस्थित कच्ची काठेपुल भत्किँदा आइतबार बिहान दुर्घटना भएको थियो । ट्रकमा सातजना सवार रहेका बताइएको छ । मृत्यु हुनेमा रामेछाप जिल्ला गोकुल गङ्गा गाउँपालिका-१ बस्ने अन्दाजी ३८ वर्षीय चित्रबहादुर श्रेष्ठ र उहाँकी श्रीमती अन्दाजी २६ वर्षीया मोनिका श्रेष्ठ रहेको जिल्ला ट्राफिक कार्यालय मुस्ताङका प्रहरी सहायक निरीक्षक जीतबहादुर केसीले जानकारी दिए ।

नवलपरासी जिल्ला विनय त्रिवेणी गाउँपालिका-३ बस्ने ट्रक चालक ३६ वर्षीय शिवराम ठाडा मगर सामान्य अवस्थामा रहेको उनले बताए । चालकलाई नियन्त्रणमा लिइएको जनाइएको छ । घाइते हुनेमा बागलुङ जिल्ला ढोरपाटन नगरपालिका- २ बस्ने २२ वर्षीय सुशील घर्तीमगर, २५ वर्षीय लुद्रबहादुर कामी रहेका छन् । उनीहरु मजदूरीका लागि मुस्ताङ पुग्नुभएको थियो । त्यसैगरी पर्वत जिल्ला जलजला गाउँपालिका-४ का १८ वर्षीय सहचालक दिनेश दर्जी र ओखलढुङ्गा जिल्ला सिन्चीदोम्बा गाउँपालिका-७ बस्ने अन्दाजी २९ वर्षीय दावा शेर्पा छन् । उहाँहरुको जोमसोम जिल्ला अस्पताल मुस्ताङमा उपचार भइरहेको छ । घाइतेको अवस्था सामान्य रहेको ट्राफिक कार्यालयले जनाएको छ । ट्रकमा १०० बोरा सिमेन्ट, चार थान प्लाइउड र ५० वटा फलामको ट्रस पाइप रहेको सहचालक दर्जीले जानकारी दिनुभयो । जीर्ण भएको काठको कच्ची पुलले ट्रकको भार थाम्न नसक्दा उक्त दुर्घटना भएको जनाइएको छ ।



ट्रि हाउसमा सर्वसाधारणको भीड : तनहुँको म्याग्दे गाउँपालिका-२ ज्यानटाङ सामुदायिक वनभित्र निर्माण गरिएको ट्रि हाउसमा सर्वसाधारणको भीड । हरियाली पार्कसहितको उक्त ठाउँमा वनभोज स्थल, रेष्टुरेन्टसमेत बनाउने तयारी छ । तस्वीर : कृष्ण न्यौपाने/ रासस

# संसदीय राजनीतिमा विकृत घटना दोहोरियो : नेता ज्ञवाली

**रासस**
**काठमाडौं, ३ साउन**

प्रमुख प्रतिपक्षी नेकपा (एमाले) का नेता प्रदीपकुमार ज्ञवालीले संसदीय राजनीतिमा विकृति दोहोरिएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको आजको दोस्रो बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वासको मतका लागि गर्नुभएको प्रस्तावबारे पार्टीका तर्फबाट धारणा राख्दै उहाँले विगतमा पनि नेपाली कांग्रेस र एमालेका आफ्नै सांसद्ले मत नदिँदा ती पार्टी नेतृत्वका सरकार ढलेर संसदीय राजनीतिमा विकृति भित्रिएको स्मरण गर्नुभयो ।

"प्रश्न को सरकारमा गयो वा गएन भन्नेमा होइन, प्रश्न संसदीय प्रणाली बलियो भयो कि भएन भन्ने हो । सही खेल भयो कि भएन भन्ने हो", एमालेका प्रवक्ता ज्ञवालीले भन्नुभयो । उहाँले भन्नुभयो, "विसं २०५२ मा प्रधानमन्त्री मनमोहन अधिकारी घाइते भएका बेला सदनमा आएर अविश्वासको प्रस्तावमाथि जवाफसमेत दिन नपाई हटाइएको थियो ।" उहाँले आफ्नो पार्टीलाई अप्रिय लागे पनि अदालतको फैसला आफूहरूले मान्ने तर शक्ति पृथकीकरणको राज्यको परिकल्पनामा खलल पर्न गएको टिप्पणी गर्नुभयो ।

एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारले गरेका राष्ट्रियता, शान्तिपूर्ण राजनीतिको यात्राको थालनी, विकास र समृद्धिका क्षेत्रमा गरेका कामलाई जनताले सम्झिइरहने उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँले सर्वोच्च अदालतको गत असार २८ गतेको फैसला संसदीय राजनीतिका लागि दूरगामी प्रभाव पर्ने खालको भएकाले एमालेले प्रधानमन्त्री देउवालाई विश्वासको मत दिन नसक्ने स्पष्ट गर्नुभयो ।

# समृद्धि...

को प्रकोपबाट जोगाउने यो सरकारको पहिलो प्राथमिकता हुने स्पष्ट पार्नुभयो ।

प्रधानमन्त्री देउवाले केपी ओली नेतृत्वको सरकारले विगत साढे तीन वर्षमा गरेका असल कामलाई धन्यवाद दिनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "विगतमा भएका राम्रा कामलाई निरन्तरता दिँदै कमी कमजोरी सुधार गर्दै लानुपर्नेछ । महत्वपूर्ण नयाँ काम पनि गर्नुछ ।" प्रधानमन्त्रीले सरकार, प्रमुख प्रतिपक्ष र सबै राजनीतिक दलबीच निरन्तर सम्वाद, सहकार्य र सामूहिक प्रयत्न आवश्यक छ भन्ने आफ्नो मान्यता रहेको स्पष्ट पार्नुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "हामी राजनीतिक दलहरू एक अर्काका शत्रु होइनौं बरु हाम्रा साझा उद्देश्य प्राप्तिका लागि सहयात्री हौ भन्ने भावनाका साथ काम गर्नुपर्दछ ।" संसद्लाई अधिकार सम्पन्न, जीवन्त र क्रियाशिल बनाउनुपर्नेमा जोड दिँदै उहाँले संसद्ले सरकारका सबै गतिविधिप्रति ध्यान दिई अनुगमन गर्नुपर्ने बताउनुभयो ।

संसद्ले गर्ने निगरानीले लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउने प्रधानमन्त्री देउवाले विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "निरन्तरको राजनीतिक अन्योल, अनिश्चितता र अस्थिरताले लोकतन्त्रलाई नै कमजोर गर्दछ । तसर्थ अब हामी राजनीतिक स्थिरताको बाटोमा हिँड्न जरुरी छ ।" प्रधानमन्त्रीले सबै सांसदसँग विश्वासको मत माग्दै भन्नुभयो, "म नेपालको संविधानको धारा ७६ (५) बमोजिम नियुक्त प्रधानमन्त्री भएको हुँदा नेपालको संविधानको धारा ७६ को उपधारा (६) बमोजिम विश्वासको मत प्राप्त गर्न सम्मानित प्रतिनिधिसभामा प्रस्तुत भएको छु । सबै माननीय सदस्यले मलाई विश्वासको मत दिनुहुनेछ भन्ने विश्वास गरेको छु ।"

# संयुक्त राष्ट्र सङ्घको वरियतामा नेपाली सेना दोस्रो स्थानमा

**रासस**
**काठमाडौं, ३ साउन**

नेपाली सेना संयुक्त राष्ट्र सङ्घको आह्वानमा शान्ति सैनिक पठाउने सूचीमा दोस्रो स्थानमा स्तरोन्नती भएको छ ।

संयुक्त राष्ट्र सङ्घको १२ शान्ति स्थापनार्थ मिशनमा सहभागी नेपाली सेना राष्ट्र सङ्घको वरियता सूचीमा तेस्रो स्थानबाट अहिले दोस्रो स्थानमा उक्लिएको हो ।

राष्ट्र सङ्घले विभिन्न मिसनमा फौजको सङ्ख्या घटाइरहेका बेला नेपालको राम्रो कार्य क्षमताका कारण सङ्ख्या थपको माग भइरहेको सेनाका प्रवक्ता सहायक रथी सन्तोष बल्लभ पौडेलले जानकारी दिए ।

विश्वका विभिन्न द्वन्द्वग्रस्त देशमा संयुक्त राष्ट्र सङ्घको आह्वानमा शान्ति स्थापनार्थ तैनाथ करिब १२१ राष्ट्रमध्ये सङ्ख्याका आधारमा बङ्गलादेश, नेपाल, भारत, इथियोपिया र रुवान्डा क्रमश अग्रणी छन् ।

# देउवालाई एमालेका २२ सांसदले विश्वासको मत

**रासस**
**काठमाडौं, ३ साउन**

प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभामा विश्वासको मत लिँदा नेकपा एमालेका २२ जना सांसदले उनको पक्षमा मतदान गरेका छन् ।

देउवाले प्रतिनिधिसभामा १६५ मत पाउँदा नेकपा एमालेका २२ सांसदले मत दिएका हुन् । मत दिनेमा माधव नेपाल पक्ष मात्र नभई अध्यक्ष केपी शर्मा ओली पक्षका सांसद पनि छन् । देउवालाई मत दिनमा माधवकुमार नेपाल, विरोध खतिवडा, जीवनराम श्रेष्ठ, कल्याणी खड्का, मेटमणि चौधरी, भवानी खापुङ, मुकुन्द न्यौपाने, पार्वती विशुंखे, हिरा केसी, कृष्णकुमार श्रेष्ठ किसान रहेका छन् ।

त्यस्तै गोपाल बम, प्रेमबहादुर आले, धनबहादुर बुढा, विना बुढाथोकी, सरला यादव, पुष्पाकुमारी कर्ण, लक्ष्मी चौधरी, निरादेवी जैरु, रामकुमारी झाँक्री, कलिला खातुन, सविना हुसेन र कृष्णलाल महर्जनले पनि देउवालाई मत दिएका छन् ।

# माघसम्म मुद्रास्फिति १० प्रतिशतसम्म पुगनसक्छ

**रासस**
**काठमाडौं, ३ साउन**

आगामी माघसम्म मुद्रास्फीति १० प्रतिशतको हाराहारीमा पुग्ने देखिएको छ ।

नेपाल राष्ट्र बैंकले गरेको मुद्रास्फिति अपेक्षा सर्वेक्षणअनुसार मुद्रास्फितिको दरमा वृद्धि हुने उल्लेख छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन) अनुसार केन्द्रीय बैंकलाई निर्दिष्ट गरेका उद्देश्यमध्ये मूल्य स्थिरता कायम राख्नु पनि एक रहेको उल्लेख गर्दै बैंकले मुद्रास्फीति दरलाई प्राथमिकतामा राखेर मौद्रिक नीतिको कार्यदिशा तय गर्दै आएको जनाएको छ ।

मौद्रिक तथा गैरमौद्रिक तत्वबाहेक उपभोक्ताको भविष्यप्रतिको मूल्य अपेक्षाले पनि मुद्रास्फीतिलाई प्रभाव पार्ने बैंकको भनाइ छ । आम उपभोक्ताले गर्ने मुद्रास्फीतिसम्बन्धी अपेक्षालाई भविष्यमा हुनसक्ने वास्तविक मुद्रास्फीतिको एक प्रमुख सूचकका रूपमा लिइने तथ्य पेश गर्दै राष्ट्र बैंकले विश्वका धेरै जस्ता केन्द्रीय बैंकले मुद्रास्फीति प्रक्षेपण र मौद्रिक नीतिको कार्यदिशा तय गर्दा उपभोक्ताको भविष्यप्रतिको मूल्य अपेक्षालाई पनि एक आधारका रूपमा लिने गरेको बताएको छ ।







देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरुको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरुको कर्तव्य हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

### सुक्तिसुधा

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# देउवाले पाए विश्वासको मत

कांग्रेस सभापति शेरबहादुर देउवाले संसद्मा विश्वासको मत पाएका छन् । असार २८ गतेको सर्वोच्च अदालतको आदेश अनुसार असार २९ गते राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रधानमन्त्री नियुक्त भएका कांग्रेस सभापति देउवाले आइतबार संसद्मा विश्वासको मत पाएर डेढ वर्ष सरकार चलाउन पाउने भएका छन । नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी (जसपा) र एमालेका २२ सांसदको साथ पाएका देउवाको पक्षमा १६५ मत खसेको थियौ । देउवाको विपक्षमा ८३ सांसदले हस्ताक्षर गरेका छन् । मतदानमा सहभागी २४९ सांसदमध्ये देउवाको पक्षमा १६५ मत खसेको हो भने  विपक्षमा ८३ जनाले हस्ताक्षर गरेका हुन् । सहभागीमध्ये एक सांसदले मत दिएनन् । देउवाको पक्षमा काङ्गेस ,माओवादी केन्द्र ,जसपा र एमालेका २२ सांसदले मत दिएका थिए ।

प्रतिनिधिसभा अधिवेशन शुरु भएको पहिलो दिनमै विश्वासको मत लिएर नेकपा एमालेलाई कमजोर बनाउन खोजेका छन । प्रधानमन्त्री नियुक्त भएको एक महिनाभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान अनुसार कांग्रेसका सभापति देउवाले विश्वासको मत लिएर सांसदहरूको धम्कीबाट मुक्त भएका छन । देउवालाई विश्वासको मत दिने विषयमा एमाले वरिष्ठ नेता माधवकुमार नेपाल समूह नै विभाजित भए पनि एमाले अध्यक्ष केपी ओली समूहका केही सांसदले विश्वासको मत दिएका छन् । आइतबार संसदमा भएको मत विभाजनमा प्रेम आलेसहितका नेताले देउवाको पक्षमा मतदान गरेका हुन् । देउवालाई एमालेका ओली र नेपाल समूहका गरेर २२ सांसदले विश्वासको मत दिए ।

देउवालाई विश्वासको मत दिने एमाले सांसदमा वरिष्ठ नेता नेपालसहित ओली समूहका पूर्वमन्त्री प्रेमबहादुर आलेसम्म रहेका छन् । जसपाले विश्वासको मत दिने भएकोले एमालेले दिन हुँदैन भन्ने नेताहरूको आग्रहलाई बरिस्ठ नेता माधवकुमार नेपालले मानेको भए पार्टी सग्लो देखिने थियो।संसद पनि जोगिने, पार्टी पनि सग्लो हुने मौकालाई नेताहरूलाई गुमाएका छन।सत्ताको पछि लागेर पार्टी र मतदातालाई घात गर्ने एमालेमा कसरी हुर्केका छन भन्ने गतिलो उदाहरण हो । एमाले सांसदहरु माधवकुमार नेपाल, विरोध खतिवडा, कल्याणी खड्का, जीवनराम श्रेष्ठ, पार्वती विशुंखे, मेटमणि चौधरी, भवानी खापुङ, निरादेवी जैरु, मुकुन्द न्यौपाने, कलिला खातुन, हिरा केसी, कृष्णकुमार श्रेष्ठ किसान, गोपाल बम, सविना हुसेन, कृष्णलाल महर्जन, प्रेमबहादुर आले, धनबहादुर बुढा, विना बुढाथोकी, सरला यादव, पुष्पाकुमारी कर्ण, लक्ष्मी चौधरी, रामकुमारी झाँक्री  छन । एमालेमा माधवकुमार नेपाल समुहमा रहेका सुरेन्द्र पाण्डे,घनश्याम भुषाल, गोकर्ण विष्ट, योगेश भट्टराई लगायत सांसदहरूले देउवालाई मत नदिएर पार्टीलाई जोगाउने प्रयत्न गरेका छन । अब विपक्षमा रहने मौका पाएको एमालेले सरकारमा रहँदा गरेका गल्ती कमजोरीबाट पाठ सिकेर पार्टीलाई पुनर्जीवन दिन नेतृत्वले त्याग गर्न तयार हुनुपर्छ ।

# महिना दिनसम्म त्रिपालमा मनाङका बाढी प्रभावित

**पोखरापत्र संवाददाता**
**मनाङ, ३ साउन**

गत जेठ ३१ रातिदेखि मर्स्याङ्दी नदीमा आएको बाढीपहिराले असार १ गते हिमाली जिल्ला मनाङको तल्लो भाग डुबानमा पऱ्यो । जिल्लाको प्रवेशद्वार नासों गाउँपालिका-१ तालगाउँ पूर्णरूपमा डुबानमा परेपछि गाउँ नै विस्थापित भएको छ । नासोंका धेरै भाग डुबान र पहिराका कारण भौतिक संरचनामा पूर्ण क्षति पुगेको छ ।

त्यस्तै मनाङको सदरमुकाम चामेमा बाढीले पाँच घर डुबायो । सदरमुकाममा नै रहेको तातोपानी बगायो । घट्टेखोलामा आएको बाढीले पनि पाँच घर बगायो । मर्स्याङ्दी नदीको किनारमा धेरै बस्ती रहेकाले नदीको सतह बढेपछि डुबानमा पर्नुका साथै कटानले भौतिक संरचना बगाएको छ । मनाङवासीको घर पनि बगाएपछि उनीहरू एक महिना हुँदासम्म त्रिपालमुनि बस्न बाध्य भएका छन् । चामेकी स्थानीयवासी सीता गुरुङ लगातार पानी परेपछि आएको बाढीले घर बगाएको र घर बगाएपछि बास र गाँसको समेत समस्या रहेको बताउनुहुन्छ । “बाढी पहिराले घर बगाएपछि एक महिनासम्म त्रिपालमा बास बस्न बाध्य भएका छौँ, लगातार पानी पर्न नरोकिँदा त्रिपालबाट पनि पानी चुहिन थालेको छ, मनाङ चिसो ठाउँ न हो, सुत्ने ठाउँमा पानीले रुझ्ने र ओढ्ने, ओछ्याउने कपडा नहुँदा समस्या भएको छ”, सीता भन्नुहुन्छ ।

लामो समयदेखि लगातार वर्षा हुँदा मनाङवासीलाई त्रिपालको बास बनाएको छ । त्रिपालमा बस्नसमेत पानी चुहिने, सुत्दा ओढ्ने ओछ्याउने न्यानो कपडा नहुँदा अर्को रोगको समस्या देखिनसक्ने अवस्था छ । निरन्तरको वर्षाले त्रिपालमा पानी जमेर चुहिने भएपछि बाढीपहिरा पीडित सङ्कटमा परेका छन् ।

पहिले मनाङमा यति ठूलो बाढीपहिरो आएको थाहा नपाएको स्थानीयवासी छिरिङ दोर्जे लामाले बताउनुभयो । यस वर्ष मर्स्याङ्दीमा आएको बाढीले मनाङलाई तहसनहस बनाएको उहाँले बताउनुभयो । बाढी आउँदा बालबालिकालाई बचाए पनि घरमा रहेको खाद्यान्न, धन सम्पत्ति, प्राविधिक सामग्री निकाल्न नभ्याउँदा अन्यत्र आश्रय पाएको ठाउँमा ओढ्ने र ओछ्याउने कपडा नहुँदा समस्या भएको लामा बताउनुहुन्छ ।

यस वर्षको मनसुन शुरु हुनासाथ हिमाली जिल्ला मनाङ दैवी प्रकोपमा परे पनि सरकारले चासो नदिएको मनाङवासीको गुनासो छ । मनाङलाई सरकारले छुट्टै देश जसरी व्यवहार गरी आवश्यक सहयोगसमेत नगरेको उनीहरूको भनाइ छ । विपद्को समयमा समेत उचित राहत र विस्थापित मनाङवासीलाई सरकारले सहयोग नगरेको उनीहरू बताउँछन् ।

बाढीपहिरा पीडितलाई त्रिपालसँगै आवश्यक न्यानो कपडा प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बताउनुभयो । चिसोमा सबैलाई आवश्यक सहयोग प्रदान गरिएको उहाँको भनाइ छ । यद्यपि मनाङवासी बाढीपीडित भने चिसोमा कठ्याङ्ग्रिएर सुत्नुपर्ने अवस्थामा समेत सरकारसँग सहयोग अपिल नगरिएको बताउँछन् ।

# देवघाटमा बोलबम मेला नहुने

**रासस**
**दमौली, ३ साउन**

हरेकवर्ष पवित्र तीर्थस्थल देवघाटधाममा लाग्ने बोलबम मेला यसवर्ष नहुने भएको छ । कोभिड-१९ को जोखिमका कारण तनहुँ, चितवन र नवलपुरको सङ्गमस्थल पवित्रधाम देवघाटमा यो वर्ष बोलबम मेला नहुने भएको हो । देवघाट क्षेत्र विकास समितिले यस वर्ष बोलबम मेला नगर्ने निर्णय गरेको समितिका कार्यकारी निर्देशक धीरेनबाबु घिमिरेले जानकारी दिनुभयो । कोरोना भाइरस सङ्क्रमणको जोखिम कायमै रहेका कारण मेला नगर्ने निर्णय भएको उहाँले बताउनुभयो ।

समितिले आयोजकको रुपमा बोलबम मेला नगरे पनि स्वास्थ्य मापदण्डको पालना गरेर स्नान गर्न आउने भक्तजनलाई भौतिक दूरी कायम गर्दै स्नान गर्न भने दिन सकिने घिमिरेले बताउनुभयो । “कोरोनाको जोखिम कायमै छ, तीर्थालु नआइदिए राम्रो हुन्छ, तर श्रद्धा र भक्तिका कारण पनि भक्तजन देवघाट आउनुहुन्छ,” उहाँले भन्नुभयो, “भक्तजन आएको खण्डमा केही व्यवस्था त गर्नैपर्छ ।” घिमिरेका अनुसार भक्तजनलाई नदीमा स्नान गर्न सकिने गरी व्यवस्था मिलाइएको छ । स्नान गर्दा नदीमा डुब्न सक्ने भएकाले उद्धारका लागि डुङ्गाको व्यवस्था गरिएको छ । साथै शान्तिसुरक्षाका लागि तीन वटै जिल्लाका सुरक्षा निकायलाई पनि जानकारी गराइएको उहाँले बताउनुभयो । समितिले गतवर्ष कोरोना जोखिमका कारण बोलबम मेला आयोजना गरेन । तर स्नान गर्न आउने भक्तजनको सङ्ख्या उल्लेख्य रह्यो । “अन्तिम सोमबार अलि धेरै भक्तजनको भीड हुन्छ, स्नान गर्न आउनेलाई दूरी कायम गर्नुहोस् भनेर सचेतना जगाउँछौ,” उहाँले भन्नुभयो । देवघाटमा हरेक वर्ष साउन महिनाको हरेक सोमबार बोलबम मेला लाग्ने गर्छ । मेला भर्न लाखौं भक्तजन देवघाट आउने गर्दछन् । हरेक सोमबार बोलबम मेला लाग्ने भए पनि साउन महिनाभर देवघाट मेलामय हुने गर्थ्यो । हरेक वर्ष साउन महिनामा देवघाटमा श्रावणी बोलबम मेला एउटा विशेष उत्सवको रुपमा मनाउने परम्पराको विकास हुँदै आएको छ ।

मुक्तिनाथबाट बगेर आएको कालीगण्डकी र गोसाइँकुण्डबाट बगेर आएको त्रिशूलीको सङ्गम बेणीमा बोलबमको अवसरमा स्नान गर्नाले भगवान् शिव खुशी हुने र चर्मरोग निको हुने जनविश्वास छ ।

# सवारी कारवाहीबाट ६७ लाख राजश्व संकलन

**रासस**
**गलकोट, ३ साउन**

गत आर्थिक वर्षमा बागलुङमा १२ हजार एक सय सवारीसाधान कारवाहीमा परेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय बागलुङका अनुसार आर्थिक वर्ष २०७७/७८ मा कारवाहीमा परेका सवारी चालकबाट रु ६७ लाख ७३ हजार ५०० राजश्व सङ्कलन भएको छ ।

ट्राफिक नियमको उल्लङ्घन गर्ने सवारीसाधानबाट राजश्व सङ्कलन भएको जिल्ला ट्राफिक कार्यालय बागलुङका प्रमुख तथा प्रहरी सहायक निरीक्षक बद्रीनाथ शर्माले जानकारी दिनुभयो । “गाउँदेखि शहरसम्म व्यापक मात्रामा ट्राफिक नियमको उल्लङ्घन भइरहेको छ”, उहाँले भन्नुभयो, “यसलाई थप व्यवस्थित बनाउन लागिपरेको छु ।” कारवाहीमा परेकामध्ये सबैभन्दा बढी कार, जीपका चालक रहेका छन् । सो अवधिमा कारवाहीमा परेका पाँच हजार १४१ कार जीपबाट रु २७ लाख ६३ हजार ५०० राजश्व सङ्कलन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बागलुङले जनाएको छ ।

यसैगरी सो अवधिमा कारवाहीमा परेका तीन हजार ८६८ मोटरसाइकलबाट रु २३ लाख नौँ हजार ५०० राजश्व सङ्कलन भएको छ । त्यस्तै गत आर्थिक वर्षमा कारवाहीमा परेका एक हजार ३६९ ट्याक्टरबाट रु सात लाख ३६ हजार ५००, एक हजार २६० ट्रकबाट रु सात लाख १३ हजार ५००, ४५३ बसबाट रु दुई लाख ४४ हजार गरी ६७ लाख ७३ हजार ५०० र अन्य नौँ वटा साधानबाट छ हजार ५०० राजस्व सङ्कलन भएको जिल्ला ट्राफिक कार्यालयका प्रमुख शर्माले बताउनुभयो ।

जिल्ला ट्राफिक कार्यालयका अनुसार सवारी कारवाहीबाट गत आर्थिक वर्षको साउनमा रु दुई लाख ८३ हजार, भदौमा रु तीन लाख २२ हजार ५००, असोजमा रु ६ लाख तीन हजार ५००, कात्तिकमा रु ६ लाख एक हजार ५००, मङ्सिरमा रु ६ लाख ६७ हजार ५००, पुसमा रु सात लाख दुई हजार ५००, माघमा रु सात लाख २३ हजार ५००, फागुनमा रु सात लाख ४८ हजार ५००, चैतमा रु सात लाख ५१ हजार, वैशाखमा रु पाँच लाख ५४ हजार, जेठमा रु तीन लाख १० हजार ५०० र असारमा रु पाँच लाख पाँच हजार ५०० राजश्व सङ्कलन भएका छन् ।

ट्राफिक प्रहरीले सबैभन्दा बढी राजश्व चैत महिनामा सङ्कलन गरेको छ । चैत महिनामा रु सात लाख ५१ हजार सङ्कलन गरेको छ भने सबैभन्दा कम साउन महिनामा गरेको छ । साउन महिनामा दुई लाख ८३ हजार मात्रै राजश्व सङ्कलन भएको छ ।

रक्तदान जीवनदान
जीवनदान महादान

# अदुवा र बेसारखेतीतर्फ किसान आकर्षित

**–कृष्ण न्यौपाने**
**दमौली, ३ साउन (रासस)**

तनहुँको घिरिङ गाउँपालिका-२ चिन्ने खोलाका शेरबहादुर थापाले विगत केही वर्षदेखि अदुवाखेती गरिरहनुभएको छ ।

शुरुमा निर्वाहमुखी रुपमा मात्रै अदुवाखेती गर्नुभएका थापाले गत वर्षदेखि अदुवाखेतीलाई व्यावसायिक बनाउनुभएको छ । घिरिङ गाउँपालिकाले अदुवाखेती गर्ने किसानलाई अनुदानको व्यवस्था गरेपछि थापाले अदुवाखेतीलाई व्यावसायिक बनाउनुभएको हो । “अदुवाखेती गरेको त थुप्रै वर्ष भयो तर बेच्ने हिसाबले भन्दा पनि आफैले प्रयोग गर्ने गरी खेती गरिरहेको थिएँ”, उहाँले भन्नुभयो, “तर स्थानीय सरकारले व्यावसायिक रुपमा खेती गर्नेलाई अनुदान दिने व्यवस्था मिलाएपछि यसलाई व्यावसायिक बनाउनेतर्फ लागेँ ।” हाल उहाँले चार रोपनी क्षेत्रफलमा अदुवा खेती गरिरहनुभएको छ ।

घिरिङ गाउँपालिका-१ अत्रौलीका रोमनाथ पोखेलले पनि दुई रोपनी क्षेत्रफलमा बेसारखेती गरिरहनुभएको छ। “रोपनी भन्दामाथिको जग्गामा खेती गर्नेलाई अनुदान दिने व्यवस्था ल्याएपछि खेतीलाई विस्तार गरेँ,” उहाँले भन्नुभयो, “अनुदानले हामी जस्ता किसानलाई राहत मिलेको छ ।” घिरिङ गाउँपालिकाले अदुवा र बेसारखेती गर्ने किसानलाई अनुदानको व्यवस्था मिलाएपछि किसान यसतर्फ आकर्षित भएका छन् । गाउँपालिकाले गत आर्थिक वर्षमा गाउँपालिकाभित्रका नौ किसानलाई उत्पादनका आधारमा अनुदान वितरण गरेको छ । निर्वाहमुखी खेती गर्ने किसानलाई व्यावसायिक बनाउँदै गाउँपालिकालाई अदुवा र बेसारमा आत्मनिर्भर बनाउन अनुदानको व्यवस्था मिलाइएको गाउँपालिकाका अध्यक्ष रनबहादुर थापाले जानकारी दिनुभयो । “यो शुरुवात हो, प्रत्येक वर्ष किसानलाई उत्पादनका आधारमा अनुदान दिन्छौ,” उहाँले भन्नुभयो ।

उहाँका अनुसारप्रति रोपनी रु पाँच हजारका दरले किसानलाई अनुदान वितरण गरिएको छ । अदुवाखेती गर्ने सात किसानलाई रु एक लाख ४० हजार र बेसारखेती गर्ने दुई किसानलाई रु २० हजार अनुदान दिइएको छ । अदुवाखेती गर्ने घिरिङ गाउँपालिका-२ चिन्ने खोलाका शेरबहादुर थापाले चार रोपनीबापतको रु २० हजार, बेसारखेती गर्ने घिरिङ गाउँपालिका-१ अत्रौलीका यदुराज पोखेलले रु दश हजार, बेसारखेतीगर्नेघिरिङगाउँपालिका-१ अत्रौलीका रोमनाथ पोखेलले रु दश हजार, अदुवाखेती गर्ने घिरिङ गाउँपालिका-३ नेवापानीका लोकबहादुर गुरुङले रु ३० हजार, अदुवाखेती गर्ने घिरिङ गाउँपालिका-५ किटियाका मीनबहादुर थापाले रु २५ हजार, अदुवाखेती गर्ने घिरिङ-५ मान्फका टोलबहादुर थापा, ओमबहादुर थापा, सोमबहादुर थापा र शेरबहादुर थापाले रु ६५ हजार प्राप्त गर्नुभएको छ ।

गाउँपालिकाले उत्पादनका आधारमा अनुदान दिने व्यवस्था आगामी आर्थिक वर्षमा पनि मिलाएको अध्यक्ष थापाले बताउनुभयो । “यसले गर्दा किसान यसको खेतीतर्फ आकर्षित हुने विश्वास लिएका छौ,” उहाँले भन्नुभयो । गाउँपालिकाले लसुन र प्याजखेती गर्ने किसानलाईसमेत अनुदान वितरण गर्दै आएको छ । गाउँपालिकाले लसुन र प्याजखेती गर्ने किसानलाई पनि प्रति रोपनी रु पाँच हजारका दरले अनुदान रकम वितरण गरेको छ । गाउँपालिका अनुसार १८ जना किसानलाई उक्त अनुदान रकम वितरण गरिएको छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## विमा लेख हरायो

यहि मिति २०७८/०३/०२ गते पालिखेचोकेदखि पृथ्वीचोक जाने क्रममा मेरो नेपाल लाईफ इन्स्योरेन्सको विमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध छ ।

नाम: देवकी शर्मा
ठेगाना: पोखरा-४, गैरापाटन
विमा लेख नं. ३०१००३८०८
सम्पर्क : नेपाल लाईफ इन्स्योरेन्स, पोखरा शाखा
फोन: ९८५६०३५७९२

## सूचना

स्याङजा जिल्ला भीरकोट नगरपालिका वडा नं. ७ (साविक खिलुङ -९) निवासी चोलाकान्त अर्यालकी पत्नी बेदमाँया अर्यालका नाउँमा जिल्ला प्रशासन कार्यालय स्याङजाबाट मिति २०४५/१/६ गते जारी भएको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको नाम वेदमाँया अर्याल भन्ने जमुना कुमारी भएको र निर्वाचन कार्यालय स्याङ्जाद्धारा जारी मतदाता परिचयपत्रमा निजको नाम वेदमाँया अर्याल उल्लेख भएको हुँदा बेदमाँया अर्याल भन्ने जमुना कुमारी र वेदमाँया अर्याल भन्ने ब्यक्ति एउटै भएको ब्यहोरा देश-विदेशका सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूची दर्ता गर्ने बारेको सूचना ।

**सूचना प्रकाशित मिति २०७८ श्रावण ०४ गते**

यस सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आर्थिक वर्ष २०७८/०७९ को लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित बस्तु तथा सेवाहरु आपूर्ति गर्न इच्छुक रजिष्ट्र्ड फर्म र कम्पनीहरुको सूची दर्ता गराउनु पर्ने भएकोले सम्बन्धित विषयको कारोवार गर्न स्वीकृती प्राप्त फर्म तथा कम्पनीले बस्तु तथा सेवाको विवरण, फर्म र कम्पनी दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्वर PAN /मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि तथा सूची दर्ताको लागि निवेदन समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थाको मानव संसाधन तथा सामान्य सेवा विभाग, केन्द्रीय कार्यालयमा दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आपूर्ति/उपलब्ध गराउनु पर्ने वस्तु तथा सेवाहरू:**

१. स्टेशनरी (मसलन्द) समान आपूर्ति ।
२. छपाई एवं प्रिन्टिङ कार्य ।
३. अफिस फर्निचर तथा फिक्चर आपूर्ति ।
४. कम्प्युटर, प्रिन्टर र सोको पाटपूर्जाहरुको आपूर्ति तथा मर्मत संभार ।
५. प्रिन्टर र फ्याक्सको इन्क, कार्टेज, टोनर, प्रिन्टर रिवन आदि ।
६. विज्ञापन सेवा ।
७. अन्य विविध सामान आपूर्ति ।

**सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Suryodaya Laghubitta Bittiya Sanstha Limited**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय, पुतलीबजार-१, स्याङ्जा फोन नं. ०६३-४२११८७, ०६३-४२१०३४ फ्याक्स नं. ०६३-४२१२२७
web: www.suryodayamfi.com.np, E-Mail suryodayalagubitta@gmail.com

# गलकोटका दर्जन गौरवका योजना पूरा

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ साउन**

बागलुङको गलकोट नगरपालिकाले तीन वर्षअघि थालेको वडास्तरीय गौरवका योजना पूरा गरेको छ। नगरका ११ वटामा प्रत्येक एक/एक वडामा फरक-फरक योजना समावेश गरी गौरवको योजनामा समावेश गरिएको थियो । चार वर्षमा दर्जन गौरवका आयोजना सम्पन्न गरेको नगरपालिकाले जनाएको छ।

निर्वाचित भएर आएपछि जनप्रतिनिधिले वडाको आवश्यकताका आधारमा बजेटको सुनिश्चिततासँगै छनोट गरेको तीन दर्जन आयोजना सम्पन्न भएको नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो । गौरवका आयोजना छनोट गर्दा एक वडामा एक आयोजना भौगोलिक तथा सामाजिक मूल्याङ्कनका आधारमा गरिएको थियो। गौरवका योजनामध्ये कुनै वडामा पक्की सडक, कुनैमा स्वास्थ्य चौकी, कुनै वडामा वडा कार्यालय त कुनैमा सभाहल निर्माण गरिएको हो। गौरवका आयोजनामा लगातार रु २० देखि ६० लाखसम्मको बजेट बर्सेनि विनियोजन गरेर सम्पन्न गरिएको हो । "गौरवका आयोजनामा पहिलो वर्ष रु २० देखि ३० लाख विनियोजन गरेका थियौँ, यसलाई दोस्रो वर्ष थप गर्दै रु ४० देखि ६५ लाख र तेस्रो वर्ष सम्पन्न नभएका र बजेटको आवश्यकताका आधारमा विनियोजन गरेका थियौँ", नगरप्रमुख गैरेले भन्नुभयो, "नगरले गर्व गर्न लायकका योजना सम्पन्न भएका छन्, जसका कारण सबै वडामा समानुपातिक विकाससमेत भएको छ ।" गौरवका योजनामध्ये गलकोट-१ मा स्वास्थ्यचौकीको भवन निर्माणमा दुई रोपनी जग्गा व्यवस्थापन गरिएको छ। गलकोटमा निःशुल्क जग्गा पाउन सक्ने अवस्था नभएपछि जग्गा खरिदमा समेत नगरपालिकाले ठूलो रकम खर्च गरेको छ। अहिले स्वास्थ्यचौकी निर्माणको काम शुरु भएको छ। यस्तै वडा नं २ मा वडा कार्यालय भवन व्यवस्थापन र नगर सभाहल निर्माण भएको छ । दुई वर्षदेखि नगरपालिकाका सबै गतिविधि यही नगरसभामा भइरहेको नगरपालिकाका प्रवक्ता तथा गलकोट-२ का वडाध्यक्ष हिमबहादुर भण्डारीले जानकारी दिनुभयो । सभाहलसँगै वडा कार्यालय व्यवस्थापनका लागि करिब रु ७० लाख खर्च भइसकेको छ । यस्तै वडा नं ३ ले बाइसे/चौबीसे राज्यका पालामा गलकोटमा राज्य चलाउने कोतघरलाई पर्यटकीय गन्तव्य बनाउनका लागि गौरवको योजना पूरा गरेको छ। कोत घरको मर्मत, पर्खाल, पदमार्ग तथा कोतघरमा अजङ्गका खुकुरी र खुँडा राखिएको छ । उक्त खुकुरी र खुँडा हेर्न पर्यटकसमेत पुग्ने गरेको वडाध्यक्ष वीरजङ्ग भण्डारीले जानकारी दिनुभयो । कोतघर पुग्ने सडकसमेत फराकिलो बनाइएको छ । ऐतिहासिक महत्वको कोतघरमा चैतेदशैं र बडादशैंमा मेला लाग्छ। कोतघर संरक्षण, खानेपानी र पदमार्गमा नगरपालिकासँगै गण्डकी प्रदेशको पर्यटन मन्त्रालयले समेत लगानी गरेको छ। नगरपालिका स्थापना भइसकेपछि चार वर्षको अवधिमा झण्डै रु ५० लाख खर्च भइसकेको छ। पदमार्गलाई पूर्णता दिन भने थप रु नौ लाख बजेट विनियोजन गरिएको छ। कोतघरमा राखिएका खुकुरी र खुँडा नेपालमै ठूलो भएको दाबीसमेत वडा कार्यालयको छ।

यस्तै वडा नं ४ मा मध्यपहाडी राजमार्गबाट वडासम्म पुग्ने सडक कालोपत्र गरिएको छ । नगरपालिकाले रु ५० लाख खर्चेर सडक कालोपत्र गरेको छ। यस्तै नगरपालिकाको पुरानो बजार रहेको वडा नं ५ को हरिचौर बजार ढलान गरेको छ। तीन वर्ष लगाएर करिब रु एक करोडभन्दा बढी खर्चेर झण्डै ९०० मिटर सडक ढलान गरिएको छ । जिल्लाको पुरानो सदरमुकामसमेत रहेको हरिचौर बजार व्यवस्थित गरिएको वडाध्यक्ष नारायणध्वज मल्लले बताउनुभयो । हरिचौरमा रहेको गलकोट दरबार हेर्न आउने पर्यटकले पुरानो बजारसमेत अवलोकन गर्ने गरेको मल्लको भनाइ छ।

यस्तै वडा नं ६ ले मजुवाबाट ढलेपिपल क्षेत्रमा बस्ती विकास मापदण्डअनुसारको सडक निर्माण गरेको छ। यस सडक नालीसहितको छ । समयमै सडक बनाएपछि बस्ती विकासलाई सहयोग पुग्ने, ताराखोलातर्फ जाने सडक पनि नियमित चल्ने अवस्थाको भएको छ। यस्तै वडा नं ७ ले आँगखेतबाट सानोखोलासम्मको सडक स्तरोन्नति गरेको छ भने वडा नं ८ मा सभाहलसहितको वडा कार्यालय बनेको छ। सुविधासम्पन्न र आकर्षक उक्त भवनमा रु ६४ लाख खर्च भएको छ। यस्तै वडा नं ९ ले बरेखानीमा सडक पुऱ्याएको छ। वडा नं १० ले सिद्धथान गैराबारी सडक र वडा नं ११ ले मल्मबाट रिघासम्मको सडक स्तरोन्नति गरेका छन्।

# अझै तीन देशको अधिकांश स्थानमा वर्षा हुने

**रासस**
**काठमाडौं, ३ साउन**

आगामी तीनदिन देशभर सामान्यदेखि पूर्ण बदली रही अधिकांश स्थानमा वर्षा हुने भएको छ । मनसुन न्यूनचापीय रेखा नेपालको तराई भूभाग नजिक रहेकाले देशका धेरैजसो स्थानमा वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् मीनकुमार अर्यालले जानकारी दिनुभयो। योक्रम अझै तीन दिनसम्म कायम रहने उहाँले बताउनुभयो ।

सुदूरपश्चिम, कर्णाली तथा लुम्बिनी प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका थोरै स्थानमा धेरै भारी वर्षाको सम्भावना औँल्याएको छ। देशको पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहावको जोखिम रहनका साथै ठूला तथा साना नदी नाला र खोलामा पानीको सतह बढ्नसक्ने तथा यातायात क्षेत्र प्रभावित हुनसक्ने भएकाले विभागले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ। हाल देशर सामान्यदेखि पूर्ण बदली रही गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशहरुका एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । सोमबार देशभर सामान्यदेखि पूर्ण बदली रही अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा तथा सुदूरपश्चिम, लुम्बिनी र गण्डकी प्रदेशका केही स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको बताइएको छ।

# ९३३ घरधुरी भूमिहीन र अव्यवस्थित बसोबासीको लगत संकलन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ साउन**

भूमिसम्बन्धी समस्या समाधान आयोगले म्याग्दीमा ९३३ घरधुरी भूमिहीन र अव्यवस्थित बसोबासीको लगत सङ्कलन गरेको हो।

आयोगको जिल्ला समितिले आइतबार बेनीमा आयोजना गरेको कार्यक्रममा १५५ भूमिहीन दलित, १११ भूमिहीन सुकुम्बासी र ६६७ घरधुरी अव्यवस्थित बसोबासीको विवरण सङ्कलन भएको जानकारी गराइएको हो । आयोगका जिल्ला अध्यक्ष खुमबहादुर बानियाँले यसअघिका आयोगले प्रक्रिया शुरु गरेका भूमिसम्बन्धी समस्याका थप १७७ वटा अधुरा र अपूरा कामलाई पूर्णता दिन अध्ययन भइरहेको बताउनुभयो । "वडा पालिका हुँदै जिल्लामा आएका सबै आवेदन अध्ययन गरेर लगत सङ्कलनको काम सकेका छौँ", उहाँले भन्नुभयो, "नयाँ आर्थिक वर्षको पहिलो चौमासिकदेखि नै नापजाँच र जग्गाधनी प्रमाणपत्र वितरण शुरु गर्छौं ।" बेनी नगरपालिकामा २७२, धवलागिरि गाउँपालिकामा ६२, मालिका गाउँपालिकामा ३२८, मङ्गलामा १२१, रघुगङ्गामा ४२ र अन्नपूर्णमा १०८ घरधुरीको लगत सङ्कलन भएको हो । लगत सङ्कलन भएका भूमिहीन र अव्यवस्थित बसोबास गरेको ठाउँको नापी प्राविधिकसहित स्थलगत निरीक्षण अनुगमन गर्ने कार्ययोजना बनाएको आयोगका जिल्ला सदस्य दिवाकुमारी पुनले बताउनुभयो । निरीक्षण, अनुगमन, नापजाँचपछि आयोगको कार्यविधिअनुसारमालपोतकार्यालयमास्रेस्ता कायम गरेर जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराइने भएको छ। पहिलो चौमासिकमा १३५, दोस्रोमा ३७०, तेस्रोमा १७० र चौथो चौमासिकमा २५८ जनालाई जग्गाधनी प्रमाणपत्र वितरण गर्ने आयोगको जिल्ला समितिले कार्ययोजना बनाएको छ।

आयोगले पहाडी र हिमाली जिल्लाका भूमिहीन, सुकम्बासीलाई घडेरीका लागि १० आना दुई पैसा एक दाम जग्गा उपलब्ध गराउने कार्यविधि बनाएको छ। अव्यवस्थित बसोबास गर्दै आएकाको जग्गाधनी प्रमाणपत्रको स्रेस्ता कायम गरिने आयोगले जनाएको छ।


## मालपोत कार्यालय कास्कीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

(प्रकाशित मिति २०७८/०४/०३)

**कास्की जिल्ला साविक थुमाकोडाँडा गा.वि.स. वडा नं. ८ बस्ने इन्द्र विलासको बुहारी दण्डपाणी शर्मा गौतमकी श्रीमती ना.प्र.न. ४६५३८२३ जारी मिति २०५४/०२/२९ की गंगादेवी सापकोटाले दिएको निवेदन अनुसार ससुरा इन्द्र विलास गौतमको मिति २०६७/०९/२५ मा मृत्यु भएको साथै निजकी सासु लोकदेवी गौतम जेठाजुहरु थानेश्वर गौतम (अविवाहित), गोपाल गौतम (अविवाहित), मुक्ती गौतम( अविवाहित), रुद्र गौतम(अविवाहित), सम्मानित कास्की जिल्ला अदालतको मिति २०७८/०१/०३ को वेपत्ता वा मृत्युको न्यायीक घोषणापत्र अनुसार वि.स. २०४५ सालदेखि वेपत्ता तथा निजका श्रीमान सोही अदालतकै वेपत्ता वा मृत्युको न्यायीक घोषणपत्र अनुसार वि.स.२०५९ सालदेखि नै वेपत्ता भएको प्रमाणपत्र पेश गरी रत्नाखरका नाती इश्वरीका छोरा इन्द्र विलास गौतमको पोखरा म.न.पा. वडा नं. १३ (साविक आर्वा गा.वि.स. वडा नं. १) स्थित कि.न. ६९४ क्षे.फ. १-१-१-३ कि.नं. ६७१ क्षे. फ. १-०-०-१ कि.नं. ६८२ क्षे.फ. ०-१२-१-२ कि.नं. ७१० क्षे.फ. १-६-१-२ कि.नं. ७२२ क्षे.फ. ०-१४-१-१ रोपनी जग्गा इन्द्र विलासको बुहारी दण्डपाणी शर्मा गौतमकी श्रीमती ना.प्र.नं. ४६५३८२३ जारी मिति २०५४/०२/२९ की गंगादेवी सापकोटाको नाममा एकलौटी नामसारी गरीपाउँ भनि देएको निवेदन साथै पोखरा म.न.पा. वडा नं. १३ को च.नं. ४९०४ मिति २०७८/०१/०५ को नामसारी सिफारिस सहित द.न. ३८२० (क) मिति २०७८/०१/१२ मा मालपोत कार्यालय कास्कीमा निवेदन दिनुभएको निवेदकको माग बमोजिम माथि उल्लेखित कित्ता जग्गा इन्द्र विलासको बहारी दण्डपाणी शर्मा गौतमकी श्रीमती ना.प्र.न. ४६५३८२३ जारी मिति २०५४/०२/२९ की गंगादेवी सापकोटाको नाममा एकलौटी नामसारी गरिदिएमा कोहि कसैको हक स्वामित्वमा असर पर्छ पर्दैन यदि फरक पर्छ भने यो सूचना प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र मालपोत कार्यालय कास्कीमा सप्रमाण उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।**



**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

## भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. सं. १९९४/०९/१५ गते**

**स्वर्गारोहणः**
**वि. सं. २०७८/03/१५ गते**

**स्वः चित्र कुमारी गुरुङ**

कास्की जिल्ला मादी गाउँपालिका वाड नं.११ बराल डाँडा साविक घर भई हाल पोखरा महानगरपालिका वडा नं. १२ भद्रकाली मार्ग ढिकाले थर निवासी **चित्र कुमारी गुरुङ** को ८४ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको २१ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारणा गर्ने शक्ति भगवान बुद्धले प्रदान गरून् भनी हार्दिक समबेदना व्यक्त गर्दछौं।

**जुमप्रसाद गुरुङ**
**अध्यक्ष तथा**
**बराल डाँडा तमु समाज सेवा समिति परिवार**
**शितलादेवी-१२, पोखरा**

**मञ्जु गुरुङ**
**अध्यक्ष तथा**
**सम्पूर्ण बराल डाँडा चेलीबेटी परिवार**
**पोखरा**